# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ प्रकाशन मितिः २०८०/०३/२८


## भाग १

### त्रिवेणी गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँसभाले बनाएको तपसिलमा लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## आर्थिक ऐन, २०८०

त्रिवेणी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँसभाबाट स्वीकृत मिति : २०८०/०३/११
प्रमाणीकरण मिति : २०८०/०३/२५

**प्रस्तावना :**

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस ऐनको नाम “त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०८०” रहेकोछ ।

२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि त्रिवेणी गाउँपालिकाको क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर** : त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुलउपर गरिनेछ ।

**३. भूमि कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर लगाइने र असूलउपर गरिनेछ ।

**४. घर जग्गा बहाल कर :** त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

**५. व्यवसाय कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुलउपर गरिनेछ ।

**६. तरकारी, जडिबुटी, कवाडी र जीवजन्तु कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले तरकारी, ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार तथा निकासी पैठारी गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असुलउपर गरिनेछ ।

**७. सवारी साधन कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस गाउँपालिकाको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

**८. विज्ञापन कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

**९. मनोरञ्जन कर** : त्रिवेणी गउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुलउपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी

वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्क :** त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुलउपर गरिनेछ।

११. **पार्किङ शुल्क :** त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुलउपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क :** त्रिवेणी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असुलउपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुर :** त्रिवेणी गाउँपालिकाको निर्माण संचालन वा व्यवस्थापन गरेका अनुसूची ( १२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूलउपर गरिनेछ।

१४. **पर्यटन प्रवेश शुल्क :** त्रिवेणी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

१६. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि त्रिवेणी गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची १

आर्थिक ऐन, २०८० दफा (२) सँग सम्बन्धित
नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

सम्पति कर/घरजग्गा करका क्षेत्र तथा वार्षिक दरहरु

| क्र.स. | भौगोलिक क्षेत्र | घरजग्गाको विवरण | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | नेर्पा बजार क्षेत्रमा रहेको प्रतिपक्की घर | तीन तला भएको | २०० | |
| | | दुई तला भएको | १५० | |
| | | एक तला भएको | १०० | |
| २ | नेर्पा बजार क्षेत्रमा रहेको कच्ची घर | ढुङ्गा/जस्ताले छाएको दुई तला भएको | ५० | |
| | | ढुङ्गा/जस्ताले छाएको एक तला भएको | ४० | |
| | | फुसले छाएको दुई तला भएको | ३० | |
| | | फुसले छाएको एक तला भएको | २० | |
| ३ | अब्बल श्रेणीको भौगोलिक क्षेत्रको नेर्पा बजार बाहेकका अन्य बजार क्षेत्रमा रहेको प्रतिपक्की घर | तीन तला भएको | १२५ | |
| | | दुई तला भएको | १०० | |
| | | एक तला भएको | ७५ | |
| ४ | अब्बल श्रेणीको भौगोलिक क्षेत्रको नेर्पा बजार बाहेकका बजार क्षेत्रमा रहेको प्रतिकच्ची घर | ढुंगा/जस्ताले छाएको दुई तला भएको | ४० | |
| | | ढुंगा/जस्ताले छाएको एक तला भएको | ३० | |
| | | फुसले छाएको दुई तला भएको | २० | |
| | | फुसले छाएको एक तला भएको | १० | |
| ५ | अन्य श्रेणीको भौगोलिक क्षेत्रमा रहेको पक्की घर | तीन तला भएको | १०० | |
| | | दुई तला भएको | ७५ | |
| | | एक तला भएको | ५० | |
| ६ | अन्य श्रेणीको भौगोलिक क्षेत्रमा रहेको कच्ची घर | ढुंगा/जस्ताले छाएको दुई तला भएको | ३० | |
| | | ढुंगा/जस्ताले छाएको एक तला भएको | २० | |
| | | फुसले छाएको दुई तला भएको | १५ | |
| | | फुसले छाएको एक तला भएको | ५ | |

माथि उल्लेखित घरजग्गा करमा प्रतिवर्ष १५% विलम्ब शुल्क लाग्नेछ।

## अनुसूची २

आर्थिक ऐन, २०८० दफा (३) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

भूमि कर/मालपोतको क्षेत्र तथा वार्षिक दरहरु

(अ) जग्गा

| सि. नं. | भूमीको प्रकार | भौगोलिक क्षेत्र/स्थान (प्रति रोपनी) | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल श्रेणी | निगालपानी जुगार तिला सडकको दायाँबायाँ (नव नेपाल क्याम्पसदेखि ताबाङ जाने मोटरबाटो छुट्टिने स्थानसम्म) को नेर्पा बजार क्षेत्र | २० | |
| | | जिउला, दहखोला, गोइतिबाङ, जरीबाङ, धैरेनी, कुनेरह, जावल, जौलेलाकुरी, पाछाबाङ, धारमखोला, चबी, मजुवा, छाप, लिङदुङ, रातामाटा, कोइला, गोलकोटी, ह्वाप, सिम्पानी, चक्रि, छेप, मथुरापानी, निगालपानी, दहवन, द्वारपानी, हुलाकीडाँडा, राईबाङ, नुवागाउँ, सारङ्गे, कोल्बाङ, शेराबाङ, हलंगा, त्रिवेणी, तिला बजार क्षेत्र, दुम्ला, दर्बै, खर्क, किमुचौर, पोखरडाँडा, छापनेटा, वर्तिबाङ, गाङ, रिची, नन्दीखोला, सिउडीचौर, करेटी वडा कार्यालय रहेको स्थान, मोराबाङ, जेल्बाङ | १५ | |
| | दोयम श्रेणी | अब्बल श्रेणीमा उल्लेख नगरिएका अन्य उत्पादनमुलक भौगोलिक क्षेत्रका जग्गा | १० | |
| | सीम श्रेणी | फलफूल उत्पादन हुने जग्गा | ७ | |
| | चाहार श्रेणी | सम्पूर्ण काल्लो, पाखो, खरबारी | ५ | |
| | अब्बल तथा दोयम श्रेणीमा पर्ने जग्गा बाँझो छोडेमा थप जरिमाना | | ५ | |

(आ) घडेरी

| सि. नं. | घडेरीको प्रकार | क्षेत्रफल (वर्ग मिटर) | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | नेर्पा बजार क्षेत्रको प्रतिघडेरी | १३० वर्ग मिटरभन्दा कम क्षेत्रफल | ५० | बजार क्षेत्रमा एक रोपनीभन्दा कम क्षेत्रफल भएको वा बाँझो रहेको तथा कच्चि वा पक्कि मोटरबाटोले छोएको जग्गालाई घडेरी मानिने साथै एक रोपनीभन्दा बढी हुन आउने क्षेत्रफलमा खण्ड (अ) बमोजिम कर लाग्ने |
| | | १३१-१५० वर्ग मिटर क्षेत्रफल | ७५ | |
| | | १५१-२०० वर्ग मिटर क्षेत्रफल | १०० | |
| | | २०१ वर्ग मिटरभन्दा प्रति ५० वर्ग मिटर बढी क्षेत्रफल | रु. २५ को दरले थपिने | |
| २ | अब्बल तथा दोयम श्रेणीको भौगोलिक सिमाभित्रको बजार क्षेत्रमा रहेका प्रतिघडेरी | १३० वर्ग मिटरभन्दा कम क्षेत्रफल | २५ | |
| | | १३१-१५० वर्ग मिटर क्षेत्रफल | ५० | |
| | | १५१-२०० वर्ग मिटर क्षेत्रफल | ७५ | |
| | | २०१ वर्ग मिटरभन्दा प्रति ५० वर्ग मिटर बढी क्षेत्रफल | रु. २० को दरले थपिने | |

(इ) बहाल बिटौरी शुल्क

| सि. नं. | संरचनाको प्रकार | संरचनाको प्रकृति | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की घर | तीन तला भएको | ५,००० | |
| | | दुई तला भएको | ४,००० | |
| | | एक तला भएको | ३,००० | |
| २ | कच्ची घर | ढुङ्गा/टिनको छानो भएको दुई तले | २,५०० | |
| | | ढुङ्गा/टिनको छानो भएको एक तले | २,००० | |
| | | खर/फुसको छानो भएको दुई तले | १,८०० | |
| | | खर/फुसको छानो भएको एक तले | १,५०० | |
| ३ | ढ्याप्ली | | १,२०० | |

नोट : माथि उल्लेखित भूमि कर/मालपोतमा वार्षिक १५% विलम्ब शुल्क लाग्नेछ।

## अनुसूची ३

आर्थिक ऐन, २०८० दफा (४) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

घर जग्गा बहाल करका क्षेत्र तथा दर

त्रिवेणी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, टहरा वा जग्गा बहालमा लगाए वापत घर जग्गा बहाल रकमको १० प्रतिशतका दरले घर जग्गा बहाल कर लाग्नेछ।

## अनुसूची ४

आर्थिक ऐन, २०८० दफा (५) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

व्यवसाय करका क्षेत्र तथा वार्षिक दरहरु

| क्र.स. | व्यवसायका प्रकारहरु | | वार्षिक दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | | १,००० | |
| २ | किराना पसल | | ३०० | |
| ३ | खाद्यान्न तथा किराना पसल | | १,००० | |
| ४ | गरगहना/सुनचाँदी पसल | | १,००० | |
| ५ | हार्डवेयर पसल | | १,५०० | |
| ६ | इलेक्ट्रिकल खुद्रा पसल | | ७०० | |
| ७ | पेट्रोलियम पदार्थ | | १,५०० | |
| ८ | तरकारी पसल | | १०० | |
| ९ | कपडा पसल | | १,००० | |
| १० | फेन्सी पसल | | १,००० | |
| ११ | मोटरसाइकल मर्मत सेन्टर | | १,२०० | |
| १२ | प्लाईउड, सिसा, कार्पेट, फ्रेम पसल | | १,००० | |
| १३ | शः मिलसहितको फर्निचर निर्माण सेन्टर | | १,५०० | |
| १४ | होटल तथा रेष्टुरेन्ट | | | |
| | १४.क | होटल तथा गेष्ट हाउस (VAT आवद्ध) | २,००० | |
| | १४.ख | होटल तथा रेष्टुरेन्ट (PAN आवद्ध) | १,२०० | |
| | १४.ग | साना होटल (चिया तथा नास्ता) | ८०० | |
| | १४.घ | बजारोन्मुख क्षेत्र/ग्रामीण क्षेत्रको होटल | ७०० | |
| | १४.ङ | होम स्टे | ५०० | |
| १५ | मिठाई तथा नास्ता पसल, चाट तथा चटपटे | | ६०० | |
| १६ | छापाखाना | | १,५०० | |
| १७ | कलर ल्याब, स्क्रिन प्रिन्ट तथा फ्लेक्स प्रिन्ट | | १,००० | |
| १८ | कुरियर तथा फोन, फ्याक्स | | ५०० | |
| १९ | वाणिज्य बैंक | | ५,००० | |
| २० | विकास बैंक | | ४,००० | |
| २१ | फाइनान्स, वित्तीय संस्था | | ३,००० | |
| २२ | सहकारी संस्था | | १,००० | |
| २३ | बिमा कम्पनी | | २,००० | |
| २४ | मनी ट्रान्सफर | | २,००० | |
| २५ | नीजि अस्पताल/मेडिकल स्टोर | | २,५००/२,००० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | जुत्ता, चप्पल, मर्मत पसल | | १०० | |
| २७ | सिलाई पसल/टेलरिङ सेन्टर | | | |
| | २७.क | टेलर्स पसल चारभन्दा बढी मेशिन भएको | ५०० | |
| | २७.ख | टेलर्स पसल चारभन्दा कम मेशिन भएको | ३०० | |
| २८ | ब्युटी पार्लर | | ५०० | |
| २९ | हेयर कटिङ सैलुन | | ५०० | |
| ३० | साईन बोर्ड लेखन तथा प्रिन्टिङ सेन्टर | | ५०० | |
| ३१ | फोटोकपी तथा फोटो स्टुडियो | | १,००० | |
| ३२ | काठ तथा फर्निचर बिक्रेता | | १,००० | |
| ३३ | स्टील तथा ग्रील उद्योग | | २,००० | |
| ३४ | स्टेसनरी पसल | | ७०० | |
| ३५ | पुस्तक तथा स्टेसनरी पसल | | १,५०० | |
| ३६ | एग्रोभेट सेन्टर | | १,००० | |
| ३७ | भाँडा पसल | | १,००० | |
| ३८ | मोटर पार्टस बिक्रि पसल | | १,५०० | |
| ३९ | कवाडी संकलन पसल | | ६०० | |
| ४० | मासु पसल/फ्रेस हाउस | | ५०० | |
| ४१ | चस्मा पसल | | ५०० | |
| ४२ | मोबाइल पसल | | १,००० | |
| ४३ | गिफ्ट/फोटो प्रिन्ट पसल | | ८०० | |
| ४४ | ग्याँस सिलिण्डर बिक्रि केन्द्र | | १,००० | |
| ४५ | तरकारी तथा फलफूल पसल | | ३०० | |
| ४६ | सोलार सम्बन्धी पसल | | १,००० | |
| ४७ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा सूची दर्ता | | ५,००० | |
| ४८ | विविध श्रृंगार पसल (कस्मेटिक) | | ५०० | |
| ४९ | रंगरोगन पसल | | १,००० | |
| ५० | ड्राइभिङ इन्स्टिच्युट | | १,००० | |
| ५१ | टी.भी. तथा कम्प्यूटर पसल | | १,००० | |
| ५२ | डिलर फर्म | | | |
| | ५२.क | किराना, साबुन, बिस्कुट आदि | २,००० | |
| | ५२.ख | मदिरा | ५,००० | |
| | ५२.ग | सुर्तिजन्य | १,५०० | |
| | ५२.घ | चाउचाउ | १,५०० | |
| | ५२.ङ | इलेक्ट्रिक, इलेक्ट्रोनिक्स | १,५०० | |
| | ५२.च | औषधी पसल (कविराज) | २,००० | |
| | ५२.छ | रिचार्ज कार्ड | ५०० | |
| | ५२.ज | अन्यको प्रकृति हेरी | २००-५,००० | |
| ५३ | निजि विद्यालय वार्षिक कर | | | |
| | ५३.क | क्याम्पसस्तर | ३,००० | |
| | ५३.ख | मा.वि.स्तर | २,००० | |
| | ५३.ग | आ.वि.स्तर | १,५०० | |
| | ५३.घ | प्रा.वि.स्तर | १,००० | |

| | | | | |
|---|---|---|---|---|
| ५४ | पुल हाउस | | ५,००० | |
| ५५ | पशु बधशाला | | १,००० | |
| ५६ | केवल नेटवर्क | | ४,००० | |
| ५७ | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा | | | |
| | ५७.क | अनुसन्धानकर्ता तथा परामर्श सेवा | १,५०० | |
| | ५७.ख | चिकित्सक, कविराज, इन्जिनियर, लेखापरीक्षक, कानून व्यवसायी, अनुवादक, पशु चिकित्सक, बिमा एजेण्ट, ज्योतिष परामर्श | २,००० | |
| ५८ | कोसेली घर | | १,२०० | |
| ५९ | गाउँपालिकामा प्रधान कार्यालय भएका निर्माण व्यवसाय | | | |
| | ६०.क | क वर्ग – दर्ता | ५०,००० | |
| | | क वर्ग – नविकरण | १५,००० | |
| | ६०.ख | ख वर्ग – दर्ता | ४०,००० | |
| | | ख वर्ग – नविकरण | १२,००० | |
| | ६०.ग | ग वर्ग – दर्ता | ३०,००० | |
| | | ग वर्ग – नविकरण | ९,००० | |
| | ६०.घ | घ वर्ग – दर्ता | १५,००० | |
| | | घ वर्ग – नविकरण | ५,००० | |
| ६० | ललितकला/चित्रकला | | ५०० | |
| ६१ | छपाइ तथा प्रकाशन, प्रशारण गृह | | १,५०० | |
| ६२ | एफ.एम. रेडियो सञ्चालन कर | | ५००० | |
| ६३ | मोटर पार्टस बिक्री तथा मोटर मर्मत दुवै सेवा भएको पसल | | २,००० | |
| ६४ | कम्प्यूटर इन्स्टिच्यूट | | ३,००० | |
| ६५ | चाउमिन उद्योग | | १,००० | |
| ६६ | पाउरोटी उद्योग | | १,००० | |
| ६७ | चाउमिन तथा पाउरोटी दुवै वस्तु उत्पदन हुने उद्योग | | १,५०० | |
| ६८ | व्यवसाय दर्ता (प्रति लाख कुल पूँजीमा) | | १०० | |
| ६९ | व्यवसाय दर्ता नविकरण (हरेक आर्थिक वर्षको असोज मसान्तसम्म) | | निःशुल्क | |
| ७० | मिल | | | |
| | ७०.क | पिसानी | ५०० | |
| | ७०.ख | पिसानी तथा कुटानी | ७०० | |
| | ७०.ग | पिसानी, कुटानी तथा पेलानी | १,००० | |
| ७१ | पानीपुरी तथा चटपटे पसल | | १५० | |
| ७२ | कपडा तथा फेन्सी सामान दुवै भएको पसल | | १,५०० | |
| ७३ | खाद्यान्न, मदिरा र मासु पसल | | १,५०० | |
| ७४ | कपडा, किराना र फेन्सी पसल | | १,५०० | |
| ७५ | मोबाइल, फेन्सी तथा कस्मेटिक पसल | | १,५०० | |
| ७६ | तीनभन्दा बढी प्रकारका कारोबार भएमा प्रति व्यवसाय थप | | ३०० | |
| ७७ | गाउँपालिकाको ब्याक हो लोडर भाडा प्रति घण्टा | | २,२०० | |
| ७८ | वडास्तरीय सभाहल भाडा प्रति दिन (कार्यालयको कार्यक्रम बाहेक) | | ५०० | |
| ७९ | पालिकास्तरीय सभाहल भाडा प्रतिदिन (कार्यालयको कार्यक्रम बाहेक) | | १,५०० | |

| | | | |
|---|---|---|---|
| ८० | अटो दर्ता तथा नविकरण | ५००/२०० | |
| ८१ | टोल विकास संस्था दर्ता तथा नविकरण | १०००/५०० | |
| ८२ | माथि वर्गिकरणमा समावेश नभएका सेवा व्यवसाय कारोबारको स्तर हेरी | ५००-५,००० | |

माथि उल्लेखित व्यवसाय करमा प्रतिवर्ष १५% विलम्ब शुल्क लाग्नेछ ।

## अनुसूची ५

आर्थिक ऐन, २०८० दफा (६) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र तथा दर

| क.सं. | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सबै प्रकार फलफूल तथा तरकारी | के.जी. | ५० पैसा | |
| २ | ऊन (प्राकृतिक तथा कृतिम) | के.जी. | २५ पैसा | |
| ३ | खोटो | के.जी. | २ रुपैयाँ | |
| ४ | काठ गोलिया चिरान | | | |
| | क. शः मिल सानो १० पी.एच. भन्दा बढी | एकमुष्ठ | रु. ५,००० | |
| ५ | खाली सिसि/बियर बोतल | गोटा | १० पैसा | |
| ६ | प्लाष्टिक बोतल भाँडाकुडा, जर्किन, चप्पल | के.जी. | २५ पैसा | |
| ७ | धातुका टुक्रा तथा सामान फलाम | के.जी. | २५ पैसा | |
| ८ | मरेका वा मारिएका पशुको हाड, सिङ, खुर, छाला | के.जी. | २५ पैसा | |
| ९ | टिम्मुर | के.जी. | १.५ रुपैयाँ | |
| १० | काउलो | के.जी. | २० पैसा | |
| ११ | बोजो | के.जी. | ३० पैसा | |
| १२ | समयो | के.जी. | १ रुपैयाँ | |
| १३ | फलामे | के.जी. | ३० पैसा | |
| १४ | दालचिनी | के.जी. | ३० पैसा | |
| १५ | ढुङ्गे फूल | के.जी. | २० पैसा | |
| १६ | रिठ्ठो | के.जी. | १ रुपैयाँ | |
| १७ | भटमास | के.जी. | ५० पैसा | |
| १८ | सिमी | के.जी. | ५० पैसा | |
| १९ | लसुन | के.जी. | ५० पैसा | |
| २० | भाँडो | के.जी. | १ रुपैयाँ | |

# अनुसूची ६

आर्थिक ऐन, २०८० दफा (७) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

लुम्बिनी प्रदेश सरकारको कानून बमोजिम सवारी साधन कर लागू हुनेछ ।

## अनुसूची ७

आर्थिक ऐन, २०८० दफा (८) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

विज्ञापन करका क्षेत्र तथा दर

| क्र.सं. | विवरण | | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | व्यापारिक विज्ञापनको भित्ते लेखन | | वर्ग फिट | ५ | |
| २ | सरकारी, सार्वजानिक स्थल तथा नीजि भवनमा राखिने होडिङ बोर्ड | | वर्ग फिट | ५ | |
| ३ | टेलिफोन टावरहरु ५० फिटसम्म | | वटा | ५,००० | |
| ४ | ब्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिटसम्म व्यापारिक विज्ञापन | | वर्ग फिट | २० | |
| ५ | स्टेज प्रोग्रामबाट गरिने विज्ञापन | | दिन | ५,००० | |
| ६ | एफ्.एम्. बाट प्रशारित सूचना विज्ञापन कर | | | | |
| | ६.क | ६ A.M.- ९ A.M. र ६ P.M.- ९ P.M. | प्रतिमिनेट | २०० | |
| | ६.ख | अन्य समयमा | प्रतिमिनेट | १०० | |

# अनुसूची ८

आर्थिक ऐन, २०८० दफा (९) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

मनोरञ्जन करका क्षेत्र तथा दर

सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा लुम्बिनी प्रदेश सरकारले तोके बमोजिम देहायको दरमा मनोरञ्जन कर लाग्नेछ।

| सि.नं. | मनोरञ्जन सेवा | कार्यक्रम | करको दर (रु.) |
|---|---|---|---|
| १. | सर्कस, खेल, मेला, जादु, चटके र अन्य प्रदर्शनी | १ दिनसम्मको | २,५०० ।- |
| | | ७ दिनसम्मको | १२,००० ।- |
| | | ८ देखी १५ दिनसम्मको | २५,००० ।- |
| | | १६ देखी ३० दिन सम्मको | ३५,००० ।- |

**नोटः** ३० दिनभन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नुपर्नेछ।

## अनुसूची ९

आर्थिक ऐन, २०८० दफा (१०) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

बहाल बिटौरी शुल्कका क्षेत्र तथा दर

विभिन्न परम्परागत मेला, जात्रा तथा हाटबजारका क्रममा गाउँपालिका क्षेत्रभित्र निर्मित स्टलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि रु. १०० देखि रु. १,००० सम्म बहाल बिटौरी शुल्क लाग्नेछ ।

# अनुसूची १०

आर्थिक ऐन, २०८० दफा (११) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

पार्किङ शुल्कका क्षेत्र तथा दर

| क्र.सं. | सवारी साधन | समय | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बस, ट्रक, लरी र हेभी गाडी | प्रतिघण्टा | ५ | |
| २ | भाडाका कार जिप | प्रतिघण्टा | ५ | |
| ३ | मिनि बस, मिनि ट्रक | प्रतिघण्टा | ५ | |
| ४ | अटो रिक्सा | प्रतिघण्टा | ५ | |
| ५ | मोटरसाइकल/स्कुटर | प्रतिघण्टा | २ | |
| ६ | ट्याक्टर | प्रतिघण्टा | ५ | |
| ७ | एक्साभेटर | प्रतिघण्टा | १० | |
| ८ | ब्याक हो लोडर | प्रतिघण्टा | ५ | |
| ९ | अन्य | प्रतिघण्टा | २-५ | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

खण्डः ७ संख्याः १ राजपत्रमा प्रकाशन मितिः २०८०/०३/२८

## अनुसूची ११

आर्थिक ऐन, २०८० दफा (१२) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

ट्रेकिङ, कोयकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिप फ्लायर र न्याफ्टिङ शुल्क

यस त्रिवेणी गाउँपालिका क्षेत्रमा ट्रेकिङ्ग, क्यानोइड, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टिङ्ग सम्बन्धी कुनै पनि व्यवस्था नभएका कारण यस सम्बन्धी कुनै कर लगाइने छैन ।

## अनुसूची १२

आर्थिक ऐन, २०८० दफा (१३) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

सेवा शुल्क दस्तुरका क्षेत्र तथा दर

| क्र.सं. | सेवाको प्रकार | सिफारिस दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मठ मन्दिर, पाटी पौवा, द्वन्द्व पिडित, प्रकोप पिडित, असहाय बिरामी, अपाङ्गता सिफारिस | निःशुल्क | |
| २ | बकस पत्र | १,००० | |
| ३ | शेषपछिको बकस-पत्र | ७०० | |
| ४ | अंश वण्डा | ५०० | |
| ५ | मोही लगत कट्टा सिफारिस | ५०० | |
| ६ | चार किल्ला/घरबाटो प्रमाणित सिफारिस | | |
| | क. पक्की बाटोले छोएको | ५०० | |
| | ख. कच्ची बाटोले छोएको | ३०० | |
| | ग. सडकले नछोएको | १०० | |
| ७ | घर कायम | | |
| | क. पक्की घर | ८०० | |
| | ख. कच्ची घर | २५० | |
| ८ | रकम असुलीको मिलापपत्र | | |
| | क. रकम खुलेकोमा | २% | |
| | ख. रकम नखुलेकोमा | ५०० | |
| ९ | बसोबास | | |
| | क. स्थायी बसोबास (वैदेशिक प्रयोजनको लागि) | ५०० | |
| | ख. अस्थायी बसोबास (स्वदेशको लागि) | ३०० | |
| १० | नाम, जन्मस्थान सच्याई सर्जमिन मुचुल्का गर्नुपर्ने | ५०० | |
| ११ | मिलापत्र दुवै पक्षबाट | ५००/५०० | |
| १२ | तमशुक दर्ता (वडा कार्यालयमा दर्ता हुने ) | | |
| | क. पचास हजार देखि पाँच लाख रुपैयाँसम्म रकम उल्लेख भएको | ५०० | |
| | ख. पाँच लाख रुपैयाँभन्दा बढी रकम उल्लेख भएको | १,००० | |
| १३ | टेलिफोन सिफारिस | ५०० | |
| १४ | धारा जडान (सम्बन्धित वडा कार्यालयको अनुमति बिना जडान गर्न नहुने) | | |
| | क. पक्की घर | ५०० | |
| | ख. कच्ची घर | २०० | |
| १५ | संघसंस्था दर्ता/नविकरण सिफारिस | | |
| | क. दर्ता सिफारिस/नविकरण | २,०००/१,००० | |
| | ख. नविकरण सिफारिस | ५०० | |
| १६ | रुख कटानको लागि सिफारिस प्रतिरुख | | |
| | क. साल, सिसौ, खयर वा सो सरह | ६०० | |
| | ख. कू-काठ वा सो सरह | ५०० | |

| | | | |
|---|---|---|---|
| १७ | नागरिकता सिफारिस | | |
| | क. अंगिकृत नागरिकता | ५०० | |
| | ख. नागरिकता सिफारिस/नागरिकताको प्रतिलिपि सिफारिस | २०० | |
| १८ | घरको ताला खुलाउने दस्तुर | ५०० | |
| १९ | जग्गा दर्ता सिफारिस प्रति रोपनी | | |
| | क. बजार क्षेत्र | ३०० | |
| | ख. बजारोन्मुख क्षेत्र | २०० | |
| | ग. ग्रामीण क्षेत्र | १०० | |
| २० | व्यवसाय बन्द तथा सञ्चालन नभएको सिफारिस | २०० | |
| २१ | मोठ श्रेस्ता सिफारिस | २०० | |
| २२ | उद्योग नामसारी/ठाउँसारी | ५०० | |
| २३ | व्यवसाय नामसारी/ठाउँसारी | ५०० | |
| २४ | पेन्सन नामसारी सिफारिस | | |
| | क. स्वदेश | ५०० | |
| | ख. विदेश | १,००० | |
| २५ | घर जग्गा नामसारी सर्जमिन समेत | | |
| | क. बजार क्षेत्र | १,००० | |
| | ख. बजारोन्मुख क्षेत्र | ६०० | |
| | ग. ग्रामीण क्षेत्र | ५०० | |
| २६ | ठेक्का लाइसेन्सको सिफारिस | | |
| | क. क श्रेणी | ५,००० | |
| | ख. ख श्रेणी | ४,००० | |
| | ग. ग श्रेणी | ३,००० | |
| | घ. घ श्रेणी | २,००० | |
| २७ | नीजि विद्यालय सञ्चालन स्वीकृति | | |
| | क. आधारभूत तह | १,५०० | |
| | ख. मा.वि. तह | ३,००० | |
| | ग. क्याम्पस तह | ५,००० | |
| २८ | सरकारीतर्फ विद्यालय सञ्चालन स्वीकृति | | |
| | क. आधारभूत तह | ३०० | |
| | ख. मा.वि. तह | ६०० | |
| | ग. क्याम्पस तह | ८०० | |
| २९ | विद्युत जडान सिफारिस | | |
| | क. उद्योग | १,००० | |
| | ख. घरायसी | | |
| | अ. पक्की घर | ५०० | |
| | आ. जस्ता/ढुङ्गे छानो | २०० | |
| | इ. फुसको छानो | १०० | |
| ३० | घर/जग्गा/सम्पति मूल्याङ्कन (प्रति हजार) | | |
| | क. वैदेशिक रोजगारी तथा अध्ययन प्रयोजन | ३ | |
| | ख. बैंकिङ कारोबार तथा अन्य स्वदेशी प्रयोजन | २ | |

| | | | |
|---|---|---|---|
| ३१ | घडेरी प्लटिङ्ग गरी बाटो कायम | ६,००० | |
| ३२ | उद्योग दर्ता सिफारिस | | |
| | क. ५ हर्ष पावरसम्म | १,००० | |
| | ख. १० हर्ष पावरसम्म | १,५०० | |
| | ग. १५ हर्ष पावरसम्म | २,००० | |
| ३३ | नेपाली भाषामा प्रमाणित/सिफारिस | | |
| | क. जन्म मिति प्रमाणित | १०० | |
| | ख. विवाहित/अविवाहित प्रमाणित | १०० | |
| | ग. ठेगाना, नाम फरक, चालचलन प्रमाणित | १०० | |
| | घ. नाता प्रमाणित | २०० | |
| | ङ. विपन्न विद्यार्थी छात्रावृत्ति सिफारिस | निःशुल्क | |
| | च. आर्थिक अवस्था कमजोर वा विपन्न/सम्पन्न प्रमाणित | निःशुल्क/२,००० | |
| | छ. कागज/मञ्जुरीनामा प्रमाणित | २०० | |
| | ज. हकवाला वा हकदार प्रमाणित | ३०० | |
| | झ. अन्य नखुलेको | १००-२०० | |
| ३४ | अंग्रेजी भाषामा प्रमाणित/सिफारिस | ५०० | |
| ३५ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | सरकारी निःशूल्क, अन्य १००-५०० | |
| ३६ | उद्योग/व्यवसाय दर्ता सिफारिस सर्जमिन समेत | | |
| | क. पोल्ट्री फर्म, खाद्य, तेल, माहुरी, पशुपालन | ५०० | |
| | ख. फर्निचर, ग्रील उद्योग, पाउरोटी, डेरी, बाकस, होजियारी, खुकुरी, गारमेन्ट, ग्याँस वेल्डिङ्ग | १,००० | |
| | ग. अगरबत्ति, ममबत्ति, दालमोठ, पुडियाघर, सिमेन्ट, टायल, होटल | ५०० | |
| | घ. कन्सल्टेन्सी व्यवसाय/कानूनी सेवा/परामर्श सेवा दर्ता सिफारिस | १,००० | |
| | ङ. हेयर कटिङ्ग दर्ता सिफारिस | ५०० | |
| ३७ | कोर्ट फी मिनाहा सिफारिस | निःशुल्क | |
| ३८ | नाबालक परिचयपत्र सिफारिस | १०० | |
| ३९ | चौपाया सम्बन्धी सिफारिस | ५०० | |
| ४० | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| ४१ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |
| ४२ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | |
| ४३ | कोठा खोल्ने कार्य/रोहवरमा बस्ने कार्य | ५०० | |
| ४४ | स्वास्थ्योपचार सिफारिस | निःशुल्क | |
| ४५ | अमिन उपभोग दस्तुर प्रति कित्ता | ५०० | |
| ४६ | एस्काभेटर सूचीकृत शुल्क | | |
| | क. २१० पी.सी. वा सोभन्दा माथि | ३०,००० | |
| | ख. २१० पी.सी. भन्दा मुनी | २०,००० | |
| ४७ | ब्याक हो लोडर सूचीकृत शुल्क | १५,००० | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

| | | | |
|---|---|---|---|
| ४८ | कृषि/पशु समूह दर्ता | २०० | |
| ४९ | कृषि/पशु समूह नविकरण | १०० | |
| ५० | स्वास्थ्य महिला आमा समूह दर्ता | १०० | |
| ५१ | स्वास्थ्य महिला आमा समूह नविकरण | ५० | |
| ५२ | विभिन्न महिला आमा समूह दर्ता | १०० | |
| ५३ | विभिन्न महिला आमा समूह नविकरण | ५० | |
| ५४ | विभिन्न समिति, क्लब दर्ता | ३०० | |
| ५५ | विभिन्न समिति, क्लब नविकरण | १५० | |
| ५६ | जल उपभोक्ता संस्था तथा मुहान दर्ता | २,५०० | |
| ५७ | जल उपभोक्ता संस्था तथा मुहान दर्ताका नविकरण | १,५०० | |
| ५८ | घर छाउने ढुङ्गा निकासी प्रतिगोटा | १ | |
| ५९ | नियूक्ति समर्थन (शिक्षातर्फ) | | |
| | क. मा.वि. तह | ३,००० | |
| | ख. आ.वि. तह | २,००० | |
| | ग. प्रा.वि. तह | १,००० | |
| ६० | सरुवा सिफारिस | | |
| | क. अन्तर जिल्ला | | |
| | - मा.वि. तह | ४,००० | |
| | - आ.वि. तह | ३,००० | |
| | - प्रा.वि. तह | २,००० | |
| | ख. जिल्ला भित्र (गाउँपालिकाभित्र समेत) | | |
| | - मा.वि. तह | ३,००० | |
| | - आ.वि. तह | २,००० | |
| | - प्रा.वि. तह | १,००० | |
| ६१ | पशु चौपाया निकासी सिफारिस दस्तुर | | |
| | क. राँगा/भैंसी | ५० | |
| | ख. गाई/गोरु | २० | |
| | ग. खसी/बाखा/बोका/भेडा | ३० | |
| ६२ | कुम्ले/पोके व्यवसाय कर | | |
| | क. कुम्ले/पोके व्यवसाय (रसिद काटेको १ महिनासम्म लागू हुने) | १०० | |
| | ख. गाडी सहितको घुम्ती व्यवसाय (पालिकाभित्र प्रतिपटक) | ३०० | |
| | ग. फुटपात व्यवसाय (माटाका भाँडा, मूर्ति, धातुका समान) | ३० | |
| ६३ | व्यक्तिगत घटना दर्ता | | |
| | क. ३५ दिनभित्र | निःशुल्क | |
| | ख. ३५ दिनभन्दा पछि | २०० | |
| | ग. प्रतिलिपि | ५०० | |
| ६४ | उपभोक्ता समिति दर्ता दस्तुर | | |
| | क रु. पाँच लाखसम्म कुल लागत भएका आयोजना | १०० | |
| | ख रु. पाँचदेखि दश लाखसम्म कुल लागत भएका आयोजना | २०० | |
| | ग रु. दश लाख वा सोभन्दा माथी कुल लागत भएका आयोजना | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ६५ | सहकारी संस्थाको विनियम संशोधन | | ५०० | |
| ६६ | ढुङ्गा रोयल्टी प्रतिघन मिटर | | १८० | |
| ६७ | घर निर्माण नक्सा पास दस्तुर | | | |
| | क | पक्की घर (तीन तलासम्मको) | ५,००० | |
| | ख | पक्की घर (दुई तलासम्मको) | ३,००० | |
| | ग | पक्की घर (एक तलासम्मको) | २,००० | |
| | घ | कच्चि घर (टिन र ढुङ्गाको छानो भएको) | १,५०० | |
| | ङ | कच्चि घर (फुस वा खरको छानो भएको) | ५०० | |

## अनुसूची १३

आर्थिक ऐन, २०८० दफा (१४) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

पर्यटन शुल्कका क्षेत्र तथा दर

गाउँपालिकाको स्वामित्व रहेको पर्यटकीय स्थलहरुमा लुम्बिनी प्रदेश सरकारले तोके बमोजिम प्रवेश शुल्कको टिकट मुल्यमा ५ प्रतिशतका दरले पर्यटन शुल्क लगाई संकलन तथा अशुलउपर गरिनेछ।

आज्ञाले

निम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत